बाणगङ्गा नगरपालिका

# स्थानीय राजपत्र

बाणगङ्गा नगरपालिका, कपिलवस्तुद्वारा प्रकाशित

खण्डः १०　　बाणगङ्गा नगरपालिका,　　बैशाख २४, २०८३　　संख्याः २

## भाग-२

## "स्नातक तह (प्राविधिक तथा साधारण) धार अध्ययन सहयोग छात्रवृत्ति कार्यान्वयन कार्यविधि,२०८३"

**प्रस्तावना:**

नेपालको संविधान २०७२ को अनुसूची ९ संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार तथा मौलिक हकको रुपमा रहेको क्षेत्र शिक्षा सम्वद्ध कार्यक्रम कार्यान्वयन गर्न र उच्च शिक्षालाई सहज, गुणस्तरीय

CamScanner

र पहुँचयोग्य बनाउने राज्यको निती अनुरुप बाणगङ्गा नगरपालिकामा स्थायी बसोबास भएका सामुदायिक तथा परम्परागत (धार्मिक) विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण गरी स्नातक तहमा अध्ययनरत आर्थिक रुपले विपन्न तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरी उच्च शिक्षामा सहज पहुँच सुनिश्चितता कार्यक्रमलाई प्रभावकारी रुपमा विद्यार्थीहरूलाई एकीकृत रुपमा छात्रवृत्ति प्रदान गरी लक्षित वर्गसम्म व्यवस्थित, पारदर्शी र प्रभावकारी ढंगबाट पुऱ्याउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२, दफा ११ तथा बाणगङ्गा नगरपालिकाको शिक्षा ऐन, २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी बाणगङ्गा नगरपालिका, नगर कार्यपालिकाले "स्नातक तह (प्राविधिक तथा साधारण) धार अध्ययन सहयोग छात्रवृत्ति कार्यान्वयन कार्यविधि,२०८३" जारी गरेको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "स्नातक तह (प्राविधिक तथा साधारण) धार अध्ययन सहयोग छात्रवृत्ति कार्यान्वयन कार्यविधि,२०८२" रहेको छ।

(२) यो कार्यविधि बाणगङ्गा नगरपालिका, नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि बाणगङ्गा नगरपालिका क्षेत्र भर लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "उच्च शिक्षा" भन्नाले नेपालका विश्वविद्यालयमा वा विश्वविद्यालय अन्तर्गतका आङ्गिक क्याम्पस वा केन्द्रीय विभाग वा नेपालभित्रका विश्वविद्यालयबाट सम्बन्धन लिई सञ्चालनमा रहेका उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थामा स्नातक तहमा भर्ना भई अध्ययनरत शिक्षालाई सम्झनु पर्छ ।

(ख) "छात्रवृत्ति" भन्नाले नगरपालिकाबाट स्नातक तह (प्राविधिक र साधारण) धार तर्फ अध्ययनरत विद्यार्थीको शिक्षण सहयोगको लागि उपलब्ध गराइएको आर्थिक अनुदान, सहुलियत, वा सुविधा सम्झनु पर्छ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।



CamScanner

(घ) "नगरपालिका" भन्नाले कपिलवस्तु जिल्लाको बाणगङ्गा नगरपालिकालाई सम्झनु पर्छ ।

(ङ) "विद्यालय" भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेका सामुदायिक तथा परम्परागत (धार्मिक) विद्यालयलाई जनाउँछ ।

(च) "समिति" भन्नाले दफा ४ बमोजिमको उच्च शिक्षा छात्रवृत्ति छनौट तथा सिफारिस समिति बुझ्नुपर्छ ।

(छ) "स्नातक तह" भन्नाले विद्यालयीय शिक्षा कक्षा १२ उत्तीर्ण गरिसकेपछि प्रदान गरिने ४ वर्षको शैक्षिक वर्ष वा सेमेस्टरको उच्च शिक्षालाई सम्झनु पर्दछ ।

(ज) "शिक्षा शाखा" भन्नाले बाणगङ्गा नगरपालिकाको संगठन संरचना वमोजिम शिक्षा सम्वन्धी कार्य गर्ने शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

## परिच्छेद-२
## उद्देश्य

३. उद्देश्य: १) यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् ।

(क) उच्च शिक्षामा विपन्न तथा जेहेन्दार विद्यार्थीको समतामुलक पहुँच सुनिश्चित गरी अध्ययन निरन्तरतामा सघाउ पुर्‍याउनु ।

(ख) छात्रवृत्ति वितरणका लागि स्पष्ट आधारहरु तोकी छात्रवृत्ति वितरणलाई जवाफदेही तथा पारदर्शी बनाउनु।

(ग) सबै प्रकारका छात्रवृत्ति वितरणमा हुन सक्ने दोहोरोपनाको अन्त्य गर्नु ।

(घ) छात्रवृत्ति वितरणको अभिलेख व्यवस्थापन र प्रतिवेदन सम्प्रेषणलाई प्रभावकारी र व्यवस्थित बनाउनु ।

## परिच्छेद-३
## समिति सम्बन्धी व्यवस्था

४. **छात्रवृत्ति छनौट तथा सिफारिस समिति:** (१) नगरपालिका भित्र स्थायी बसोबासी भई स्नातक तहको (प्राविधिक तथा साधारण) धार तर्फको शैक्षिक संस्थाहरुमा अध्ययनरत विद्यार्थीहरूलाई अध्ययन सहयोगका लागि प्रोत्साहन स्वरुप छात्रवृत्ति वितरणका लागि देहायका बमोजिमको छात्रवृत्ति छनौट तथा सिफारिस समिति रहनेछ ।

| | | |
|---|---|---|
| क) | नगर प्रमुख | संयोजक |
| ख) | नगर उप-प्रमुख | सदस्य |



CamScanner

ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य
घ) सामाजिक विकास समितिको संयोजक — सदस्य
ङ) प्रशासन शाखा प्रमुख — सदस्य
च) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य
छ) शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख — सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार अन्य विशेषज्ञ एवम् प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) बैठक सम्बन्धी कार्यविधी समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(५) बैठकमा सहभागी सदस्यहरुको बैठक भत्ता तथा खाजा खर्च नगर कार्यपालिकाको बैठक खर्च शीर्षकबाट व्यवस्थापन हुनेछ ।

५. **काम, कर्तव्य र अधिकारः**(१) छात्रवृत्ति छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) निर्धारित मापदण्डका आधारमा छात्रवृत्ति प्रदान गर्न नगर कार्यपालिकालाई सिफारिस गर्ने ।
ख) नगरपालिकाबाट प्रदान गरिने छात्रवृत्तिको प्रकार, वितरण प्रक्रिया तथा प्रासिका आधार लगायत विषयमा सरोकारवालाहरुलाई जानकारीका लागि सुचना सम्प्रेषण गर्ने ।
ग) छात्रवृत्ति आवेदन संकलन, अभिलेख र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको सूची तयार गर्ने ।
घ) छात्रवृत्ति वितरण कार्यक्रमको अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्ने ।
ङ) छात्रवृत्तिको कार्यान्वयनको अवस्थाको प्रभावकारिता सम्बन्धमा अनुसन्धानात्मक कार्य गर्ने ।
च) नगरपालिकाले छात्रवृत्ति व्यवस्थापन सम्बन्धमा तोकेका अन्य कार्यहरु गर्ने गराउने ।
छ) नगरपालिकाबाट उपलब्ध गराउने छात्रवृत्ति सम्बन्धी आवश्यक अन्य मापदण्ड निर्धारण गर्ने।

## परिच्छेद-४
## छात्रवृत्ति वितरणको आधार र रकम

६. **स्नातक (प्राविधिक धार/संकाय) अध्ययन छात्रवृत्तिः** यो छात्रवृत्ति वितरणको आधार र रकम देहाय बमोजिम हुनेछ।

१) नेपाल सरकारबाट नियमित अनुदान पाउने गरी अनुमति प्राप्त सामुदायिक तथा परम्परागत (धार्मिक) विद्यालयबाट माध्यमिक तह (कक्षा १० र १२) उत्तीर्ण गरी स्नातक तहको प्राविधिक धार तर्फ (कृषि, भेटेरिनरी, बनविज्ञान, चिकित्साशास्त्र, इन्जिनियरिङ्ग, सूचना तथा सञ्चार प्रविधि आदि जस्ता विषय अध्ययनरत विद्यार्थीलाई तोकिए बमोजिमको स्वीकृत बजेटको परिधिभित्र रही यो छात्रवृत्ति प्रदान गरिनेछ।



CS CamScanner

२) छात्रवृत्ति नगरपालिकाको स्थायी बसोबासी, जेहेन्दार, आर्थिक रुपले विपन्न तथा सामुदायिक विद्यालयबाट माध्यमिक तह (कक्षा ९-१२) उत्तीर्ण विद्यार्थीको हकमा मात्र लागु हुनेछ।

३) यस छात्रवृत्तिको लागि आवेदकले देहाय बमोजिमको कागजातहरू पेस गर्नु पर्नेछ।

क) माध्यमिक तह (कक्षा १० र १२) को अन्तिम परीक्षाको लब्धांक पत्र (ग्रेडसिट) र चारित्रिक प्रमाणपत्र,

ख) नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपि वा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि,

ग) माध्यमिक तह (कक्षा १० र १२) को अन्तिम परीक्षा उत्तीर्ण गरेको विद्यालयको सिफारिस पत्र,

घ) आवेदन गरेको वर्षमा सम्बन्धित (स्नातक) तहमा प्रथम वर्ष वा प्रथम/दोस्रो सेमेष्टरमा भर्ना भइ नियमित रुपमा अध्ययनरत प्रमाण खुल्ने सम्बन्धित शैक्षिक संस्थाको सिफारिस पत्र,

ङ) सम्बन्धित वडा कार्यालयबाट प्रमाणित गरिएको आवेदकको पारिवारिक अवस्था तथा परिवारको प्रमुख आयस्रोत खुल्ने सक्कल सिफारिस पत्र।

च) आमा वा बुवा वा दुवै नभएको भए सम्बन्धित वडाबाट आमा वा बुवा वा दुवै नभएको भनि प्रमाणित गरिएको सक्कलै सिफारिस पत्र ।

छ) अपाङ्गता भएका विद्यार्थीको हकमा अपाङ्गता परिचयपत्रको प्रतिलिपि ।

ज) दलित विद्यार्थीको हकमा दलित भएको स्वःघोषणा पत्र ।

४) छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीलाई चिकित्साशास्त्र र इन्जिनियरिङ्ग विषय तर्फ एकमुष्ट रु ४००००/- का दरले वार्षिक रुपमा एक शैक्षिक वर्ष वा सेमेष्टरको अवधिमा जम्मा ४००००/- (अक्षरुपी चालीसहजार रुपैंया मात्र) का दरले स्वीकृत बजेटको परिधिमा रहि विद्यार्थीलाई प्रदान गरिनेछ र अन्य प्राविधिक धार तर्फको विषयको हकमा एकमुष्ट रु. ३००००/-दरले वार्षिक रुपमा एक शैक्षिक वर्ष वा सेमेष्टरको अवधिमा जम्मा ३००००/- (अक्षरुपी तीस हजार रुपैंया मात्र) का दरले स्वीकृत बजेटको परिधिमा रहि विद्यार्थीलाई प्रदान गरिनेछ ।

५) छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीले अनुसूची १ बमोजिमको कबुलियतनामा पेस गर्नु पर्नेछ।

६) दफा ६ को उपदफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित विद्यार्थीको शैक्षिक संस्थामा एक शैक्षिक वर्ष वा सेमेष्ट्रको लागि तोकिए बमोजिमको शिक्षण शुल्क भन्दा बढी छात्रवृत्ति रकम उपलब्ध गराइने छैन ।छात्रवृत्तिको लागि निर्धारण भएको रकम भन्दा शैक्षिक संस्थाको शिक्षण शुल्क कम भएको खण्डमा शैक्षिक संस्थाको शुल्क रसिदको आधारमा छात्रवृत्ति रकम उपलब्ध गराइनेछ ।

७. स्नातक (साधारण धार/संकाय) अध्ययन छात्रवृत्तीः यो छात्रवृत्ति वितरणको आधार र रकम देहाय बमोजिम हुनेछ।



CamScanner

१. नेपाल सरकारबाट नियमित अनुदान पाउने गरी अनुमति प्राप्त सामुदायिक तथा परम्परागत (धार्मिक) विद्यालयबाट माध्यमिक तह (कक्षा १० र १२) उत्तीर्ण गरी स्नातक तहको साधारण धार तर्फ अध्ययनरत स्वीकृत बजेटको परिधिमा रहि विद्यार्थीलाई यो छात्रवृत्ति प्रदान गरिनेछ।

२. छात्रवृत्ति नगरपालिकाको स्थायी बसोबासी, जेहेन्दार, आर्थिक रुपले विपन्न तथा सामुदायिक विद्यालयबाट माध्यमिक तह (कक्षा ९-१२) उत्तीर्ण विद्यार्थीको हकमा मात्र लागु हुनेछ।

३. यस छात्रवृत्तिको लागि आवेदकले देहाय बमोजिमको कागजातहरू पेस गर्नु पर्नेछ।

क) माध्यमिक तह (कक्षा १० र १२) को अन्तिम परीक्षाको लब्धांक पत्र (ग्रेडसिट) र चारित्रिक प्रमाणपत्र,

ख) नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपि वा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि,

ग) माध्यमिक तह (कक्षा १० र १२) को अन्तिम परीक्षा उत्तीर्ण गरेको विद्यालयको सिफारिस पत्र,

घ) आवेदन गरेको वर्षमा सम्बन्धित (स्नातक) तहमा प्रथम वर्ष वा प्रथम/दोस्रो सेमेष्टरमा भर्ना भइ नियमित रुपमा अध्ययनरत प्रमाण खुल्ने सम्वन्धित शैक्षिक संस्थाको सिफारिस पत्र,

ङ) सम्बन्धित शैक्षिक संस्थाद्वारा लिइएको प्रवेश परीक्षाको योग्यताक्रमको सूची,

च) सम्बन्धित वडा कार्यालयबाट प्रमाणित गरिएको आवेदकको पारिवारिक अवस्था तथा परिवारको प्रमुख आयस्रोत खुल्ने सक्कल सिफारिस पत्र। (रोजगारी, व्यापार, वैदेशिक आय (युरोपियन देश बाहेक) वा कुनै पनि आय स्रोत नभएको)

छ) आमा वा बुवा वा दुवै नभएको भए सम्बन्धित वडाबाट आमा वा बुवा वा दुवै नभएको भनि प्रमाणित गरिएको सक्कलै सिफारिसपत्र ।

ज) अपाङ्गता भएका विद्यार्थीको हकमा अपाङ्गता परिचयपत्रको प्रतिलिपि ।

झ) दलित विद्यार्थीको हकमा दलित भएको स्वःघोषणा पत्र ।

४. छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीलाई एकमुष्ट रु २००००/- एक पटक वार्षिक रुपमा एक शैक्षिक वर्ष वा सेमेष्टरको कार्यक्रम अवधिमा जम्मा २००००/- (बीस हजार मात्र) स्वीकृत बजेटको परिधिमा रहि प्रदान गरिनेछ।

५. छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीले अनुसूची १ बमोजिमको कबुलियतनामा पेस गर्नुपर्नेछ।

६. दफा ७ को उपदफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित विद्यार्थीको शैक्षिक संस्थामा एक शैक्षिक वर्ष वा सेमेष्टरको लागि तोकिए बमोजिमको शिक्षण शुल्क भन्दा बढी छात्रवृत्ति रकम उपलब्ध गराइने छैन ।छात्रवृत्तिको लागि निर्धारण भएको रकम भन्दा शैक्षिक संस्थाको शिक्षण शुल्क कम भएको खण्डमा शैक्षिक संस्थाको शुल्क रसिदको आधारमा छात्रवृत्ति रकम उपलब्ध गराइनेछ ।



CamScanner

७. दफा ६ र ७ बमोजिमको छात्रवृत्ति वितरण गर्दा छात्रवृत्ति रकम तोकिए भन्दा कम भएमा माथी जुनसुकै कुरा लेखिएको भएता पनि नगर सभाबाट विनियोजित रकमको परिधिभित्र रहि आवश्यक कोटा निर्धारण र छात्रवृत्तिको रकम दफा ४ बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।छात्रवृत्ति वितरण गर्दा साधारण र प्राविधिक धार तर्फ समान कोटा निर्धारण गरी वितरण गर्नुपर्नेछ ।

## परिच्छेद-५
## छात्रवृत्ति छनौट प्रक्रियाः

८. छात्रवृत्ति छनौट प्रक्रियाः

१) शिक्षा शाखाले ईच्छुक व्यक्तिहरूबाट आवेदन पेस गर्न कम्तीमा १५ दिनको म्याद दिई नगरपालिकाको सूचना पाटीमा टाँस तथा नगरपालिकाको वेभसाइटमा सूचना प्रकाशित गरी लाभग्राहीलाई जानकारी गर्नेछ र उक्त सूचनामा आवश्यक सम्पूर्ण विवरण खुलाउनु पर्नेछ।

२) शिक्षा शाखाले प्राप्त हुन आएका आवेदन तथा सो साथ संलग्न कागजातहरूको छानबिन गरी छात्रवृत्तिको प्रकार बमोजिम प्राप्ताङ्क र तोकिएको आधारमा बेग्लाबेग्लै योग्यताक्रम अनुसार सूची तयार गर्नेछ।

३) छात्रवृत्ति छनोटका क्रममा विद्यार्थीको समान अङ्क प्राप्त भएमा नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक तथा परम्परागत (धार्मिक) विद्यालयबाट माध्यमिक तह कक्षा १० र १२ उत्तीर्ण भएका र सोमध्येबाट पनि अपाङ्गता, छात्रा र दलित विद्यार्थीलाई प्राथमिकता दिइनेछ ।

४) सम्वन्धित धार तर्फ निर्धारित साथै बराबरको आवेदन पेस हुन नआएमा दफा ४ बमोजिमको समितिको निर्णय बमोजिम सोको अन्य धार तर्फका छात्रवृत्तिका लागि आवेदन पेस भएका विद्यार्थीहरु मध्येबाट मूल्याङ्कनको एकमुष्ट योग्यताक्रमका आधारमा छनौट गरिनेछ ।

९. छात्रवृत्तिका लागि आवेदन दिनु पर्नेः

१) छात्रवृत्ति प्राप्त गर्न चाहने विद्यार्थीले सूचनामा तोकिएको म्यादभित्र सोही सूचनामा तोकिएको ढाँचा र स्थानमा आवेदन दिनु पर्नेछ।

२) छात्रवृत्तिका लागि प्रथम वर्षमा (प्रथम तथा दोस्रो) सेमेष्टर मा अध्ययनरत विद्यार्थीहरुले मात्र आवेदन दिन सक्नेछन् ।

३) शिक्षा शाखाले प्राप्त हुन आएका आवेदन तथा सो साथ संलग्न कागजातहरूको छानबिन गरी छात्रवृत्तिको प्रकार निर्धारण गरी तोकिएको आधारमा बेग्लाबेग्लै योग्यताक्रम अनुसार सूची तयार गर्नेछ।

४) आवेदन साथ अध्ययन गरिरहेको शिक्षण संस्थाको अनुसूची ३ बमोजिमको सिफारिस पत्र पेस गर्नु पर्नेछ।



CamScanner

१०. छात्रवृत्ति प्रदान नगरिने वा रद्द गरिने:

१) छात्रवृत्ति छनौट समितिले देहाय बमोजिमको अवस्थामा छात्रवृत्ति प्रदान नगर्ने वा यस कार्यविधि बमोजिम प्रदान गरिएको छात्रवृत्ति रद्द गर्न सक्नेछ ।

क) गलत तथा झुट्टा विवरणहरू पेस गरेमा,

ख) अध्ययनको वार्षिक प्रगति विवरण समयमा नबुझाएमा,

ग) अध्ययन पूरा नगरेमा,

घ) तोकिएको भन्दा बढी रकम प्राप्त गरी फिर्ता नगरेमा,

ङ) फौजदारी कसुरमा दोषी प्रमाणित भएमा,

च) सम्बन्धित शिक्षण संस्थाबाट निष्कासित भएमा,

२) छनौट सूचीमा रहेका व्यक्तिको सम्बन्धमा कुनै उजुरी परी छानबिन गर्दा छात्रवृत्ति प्राप्त गर्न अयोग्य भएको वा नपाउने ठहर भएमा सोही छात्रवृत्ति समुहको बैकल्पिक व्यक्तिले योग्यताक्रम अनुसार छात्रवृत्ति पाउन सक्नेछ।

## परिच्छेद-६
## छात्रवृत्तिको रकम निकासा र भुक्तानी प्रक्रिया:

११. छात्रवृत्तिको रकम निकासा र भुक्तानी प्रक्रिया:

१) छात्रवृत्ति प्राप्त गर्न छनौट भएका विद्यार्थीहरूले आफु अध्ययरत रहेको विद्यालय वा शैक्षिक संस्थाको सिफारिस सहित क वर्गको वैंकमा खाता खोली सोको जानकारी नगरपालिकामा दिनु पर्नेछ।

२) नगरपालिकाले छनौट भएका विद्यार्थीबाट अनुसूची १ बमोजिमको कबुलियतनामा लिइ तोकिएको छात्रवृत्ति रकम बैंक खाता मार्फत निकासा दिनेछ।

३) नगरपालिकाले आर्थिक वर्षको अन्तिम चौमासिक भित्र छात्रवृत्ति रकम एकमुष्ट रुपमा निकासा गरिसक्नु पर्नेछ।

४) शिक्षा शाखाले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको सूची सहित सम्बन्धित शिक्षण संस्थालाई जानकारी गराउनु पर्नेछ।

१२. जानकारी गराउनु पर्ने:

१) यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन पूरा नगरी बिचैमा छाडेमा त्यसरी छाडेको एक महिनाभित्र सम्बन्धित शिक्षण संस्थाले शिक्षा शाखामा जानकारी गराउनु पर्नेछ।

२) यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन पूरा गरी प्रमाणपत्र प्राप्त गरेको लिखित जानकारी सहित प्रमाणपत्रको प्रतिलिपि शिक्षा शाखामा पेस गर्नु पर्नेछ।



CamScanner

परिच्छेद-७
अनुगमन सम्बन्धी व्यवस्था

१३. अनुगमनःनगरपालिकाले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले छात्रवृत्ति प्राप्त गरे पश्चात शैक्षिक उपलब्धिमा आएको परिवर्तन सम्बन्धमा र अन्य सम्बन्धित विषयमा अनुगमन गर्न सक्नेछ।

परिच्छेद-८
विविध

१४. छात्रवृत्तिको रकम दुरुपयोग गर्न नहुनेः

१) विद्यार्थीको छात्रवृत्ति अनुदान वापतको रकम अन्य कुनै प्रयोजनको लागि खर्च गर्न पाइने छैन। छात्रवृत्तिको रकम अन्य जुनसुकै प्रयोजनको लागि खर्च गरेमा रकमको दुरुपयोग गरेको मानिनेछ।

२) छात्रवृत्तिका लागि विद्यार्थी छनौटका क्रममा समान अङ्क उच्चतम प्राप्ताङ्क, CGPA, GPA समान भएमा स्तरीय भिन्नता कम भएको विद्यार्थी छनौट गरिने छ, स्तरीय भिन्नता पनि समान भएमा एक तह तल्लो योग्यतालाई आधार मानिनेछ।

३) छात्रवृत्ति दोहोरो पर्ने गरी वितरण गरिने छैन। दोहोरो पर्ने गरी वितरण गरेको पाइएमा दोहोरो पर्ने गरी प्राप्त गर्ने विद्यार्थीबाट उक्त रकम असुल उपर गरिनेछ।

१५. विविधः

१) यस कार्यविधिमा उल्लेख नभएका छात्रवृत्तिका लागि विद्यार्थी छनौटका अन्य मापदण्ड छात्रवृत्ति छनौट तथा व्यवस्थापन समितिले तय गर्न सक्नेछ।

१६. बाधा अड्काउ फुकाउन सकिनेः यस कार्यविधिमा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा बाधा अडचन परेमा नगर कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अडचन फुकाउन सक्नेछ।

१७. प्रचलित कानुन बमोजिम हुनेः यस कार्यविधिमा भएको विषय यसै बमोजिम र अन्य विषय प्रचलित कानुन बमोजिम हुनेछ ।

१८. कार्यविधिमा संशोधनः यस कार्यविधिमा आवश्यक संशोधन गर्नुपरेमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।



CamScanner

(दफा ६ को उपदफा ५ र दफा ७ को उपदफा ५ संग सम्बन्धित)

अनुसूची १

## कबुलियतनामा

श्री..................................................................कोनाति/नातिनि

श्री..................................................................को छोरा/छोरी...................... जिल्ला कपिलवस्तु बाणगङ्गा नगरपालिकामा स्थायी बसोबास गरि बस्ने वर्ष ........को म.......................................... यस बाणगङ्गा नगरपालिकाबाट स्नातक तहमा................. विषय अध्ययन गर्नको लागि छात्रवृत्ति प्राप्त भएपछि अध्ययनको वार्षिक रुपमा प्रगति विवरण बुझाउनका साथै अध्ययन पूरा गर्नेछु। मैले छात्रवृत्ति प्राप्त गरेको विषयमा यस कार्यविधिमा तोकिएको भन्दा बढी रकम प्राप्त गरेमा, अध्ययन पूरा नगरेमा, छात्रवृत्ति प्राप्त गरेको विषय परिवर्तन गरेमा, दोहोरो पर्ने गरी छात्रवृत्ति स्वीकार गरेको पाइएमा मैले छात्रवृत्ति वापत पाएको आर्थिक सुविधा तथा सोमा लागेको ब्याज रकम समेत बाणगङ्गा नगरपालिकालाई बुझाउने छु। सो रकम नबुझाएमा सरकारी बाँकी सरह असुल उपर गरेमा मेरो मन्जुरी रहनेछ।साथै अध्ययन पूरा गरी प्रमाण-पत्र प्राप्त भएको एक महिनाभित्र प्रमाणपत्रको प्रतिलिपि नगरपालिकामा पेस गर्नेछु भनी यो कबुलियतनामा पेस गरेको छु।

छात्रवृत्ति पाउनेको

नामः

ठेगानाः

तहः

अध्ययनरत विषयः

मितिः

फोनः

ईमेलः

**औंठा छाप**

| दाँया | बाँया |
|---|---|
| | |

**छात्रवृत्ति पाउने विद्यार्थीको अभिभावकको नामः**

हस्ताक्षरः

मितिः

(दफा ९ संग सम्बन्धित)

अनुसूची २

निवेदन

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,　　　　　　　　　　　　　　　　　　मितिः
बाणगङ्गा नगरपालिका, कपिलवस्तु ।

विषयः छात्रवृत्ति सम्बन्धमा।

यस बाणगङ्गा नगरपालिकाबाट प्रदान गरिने.................................................................... छात्रवृत्तिका लागि म/मेरो छोरा/छोरी सम्मिलित हुन ईच्छुक भएकाले, छात्रवृत्तिका लागि फाराम भरी आवश्यक कागजात यसै आवेदन साथ संलग्न गरी पेस गरेको छु।

विद्यार्थीको पूरा नाम थरः

In English (Block Letters):

जन्म मिति (YY-MM-DD in BS):

विद्यार्थीको ठेगानाः

अध्ययन गरिरहेको शिक्षण संस्थाको नामः

अध्ययन गरिरहेको विषयः　　　　　　　　तहः

यस पूर्व कुनै तह अध्ययन गरेको भएः

आवेदकको खाता भएको बैंकको नाम, ठेगानाः

खाता नं.

आमाको नाम थरः　　　　　　　　पेशाः

बुवाको नाम थरः　　　　　　　　पेशाः

बाजेको नाम थरः　　　　　　　　पेशाः

परिवारको वार्षिक आम्दानी अनुमानित (रु.)

परीवारको प्रमुख आयस्रोतः

परिवारको किसिमः संयुक्त/एकल

अपाङ्गता विद्यार्थी भए अपाङ्गताको किसिमः

दलित विद्यार्थीः हो/होइन

संलग्न कागजातहरू

नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि

विद्यार्थी परिचय पत्र प्रतिलिपि

शैक्षिक योग्यताका प्रमाण-पत्रको प्रतिलिपि

हाल अध्ययनरत शैक्षिक संस्थामा भर्ना भएको प्रमाण सहित नियमित अध्ययनरत रहेको व्यहोरा प्रमाणित कागजात

सो तह पहिले अध्ययन गरेको भए, छात्रवृत्ति नपाएको भनी स्वः घोषणा पत्र

| निवेदकको: | अभिभावकको: |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नाम,थरः | नाम,थरः |



CamScanner

ठेगानाः　　　　　　　　　　　　　　　　　　　　ठेगानाः
मोबाइल नं.　　　　　　　　　　　　　　　　　　　मोबाइल नं.

(दफा ९ को उपदफा ३ सँग सम्बन्धित)

अनुसूची-३

शिक्षण संस्थाको सिफारिस पत्र

(लेटर हेडमा)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बाणगङ्गा नगरपालिका, कपिलवस्तु ।

विषयः छात्रवृत्ति उपलब्ध गराइदिन सिफारिस गरिएको बारे।

................................................ को आंगिक/सम्बन्धन प्राप्त यस ............................................संकाय...................विषयमा शैक्षिक वर्ष.........को.......... वर्ष/सेमेष्टरमा अध्ययनरत तपशिलमा उल्लेखित विद्यार्थीलाई बाणगङ्गा नगरपालिकाले प्रदान गर्ने ...................... छात्रवृत्ति उपलब्ध गराउन सिफारिस गर्दछु। यस संस्थामा भएको अभिलेख अनुसार निज विद्यार्थीको व्यक्तिगत विवरण देहाय अनुसार छ :

विद्यार्थीको नाम,थरः　　　　　　　　　　　　रोल नं.
स्थायी ठेगानाः　　　　　　　　　　　　　　मोबाइल नं.
खाता रहेको बैंक र खाता नम्बरः
आमाको नामः
बुवाको नामः
भर्ना मितिः
वार्षिक/सेमेष्ट्रर गरी जम्मा वर्षः
नियमित कक्षा सकिने मितिः
अध्ययन पूरा गर्न लाग्ने जम्मा शैक्षिक शुल्कः
एक शैक्षिक वर्ष/सेमेष्ट्ररमा लाग्ने शैक्षिक शुल्कः
निज विद्यार्थीले शिक्षण संस्थाबाट छात्रवृत्ति पाएको छ/छैन....................
विद्यार्थीले शिक्षण संस्थाबाट छात्रवृत्ति पाएको छ, भने रकमः .................
उल्लेखित विवरण सहि छ, झुटा ठहरे कानुन बमोजिम सजाय भोग्न मञ्जुर छु/छौ।
सम्बन्धित शिक्षण संस्थाको लेखा कर्मचारी
नाम थरः
हस्ताक्षरः



CamScanner

मिति: शिक्षण संस्थाको छाप

सम्बन्धित शिक्षण संस्थाको प्रमुखको

नाम थर:

हस्ताक्षर:

मिति:

(दफा ६ र ७ को उपदफा (२) सँग सम्बन्धित)

अनुसूची-४

छात्रवृत्ती प्रदानका लागि विद्यार्थी छनोटको मूल्याङ्कन फाराम तथा आधार

| क्र. सं | मूल्याङ्कनका आधारहरु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | माध्यमिक तह अध्ययन गरेको विद्यालय | २० | | |
| क | नगरपालिका अन्तर्गतको सामुदायिक तथा परम्परागत विद्यालयबाट कक्षा १० उत्तीर्ण | १० | | |
| क.१ | नगरपालिका अन्तर्गतको सामुदायिक तथा परम्परागत विद्यालयबाट कक्षा १२ उत्तीर्ण | १० | | |
| क.२ | नगरपालिका अन्तर्गतको सामुदायिक तथा परम्परागत विद्यालयबाट कक्षा १० र १२ उत्तीर्ण | २० | | |
| ख | नगरपालिका भन्दा बाहिर रहेको सामुदायिक तथा परम्परागत विद्यालय | १२ | | |
| ख.१ | नगरपालिका भन्दा बाहिर रहेको सामुदायिक तथा परम्परागत विद्यालयबाट कक्षा १० उत्तीर्ण | ६ | | |
| ख.२ | नगरपालिका भन्दा बाहिर रहेको सामुदायिक तथा परम्परागत विद्यालयबाट कक्षा १२ उत्तीर्ण | ६ | | |
| ख.३ | नगरपालिका भन्दा बाहिर रहेको सामुदायिक तथा परम्परागत विद्यालयबाट कक्षा १० र १२ उत्तीर्ण | १२ | | |
| २ | बुवा आमाको अवस्था | १० | | |
| क | बुवाआमा दुवै नभएको | १० | | |
| ख | बुवा वा आमा मध्ये एक नभएको | ८ | | |
| ग | बुवा र आमा दुवै भएको | ५ | | |
| ३ | परिवारको प्रमुख आयस्रोत | १२ | | |



CamScanner

| | | | | |
|---|---|---|---|---|
| क | बैदेशिक आय, व्यापार, रोजगारी कुनै पनि नभएको | १२ | | |
| ख | बैदेशिक आय (बुवा वा आमा मध्ये एक जना बैदेशिक रोजगार भएमा आठ अङ्क र दुवै जना बैदेशिक रोजगारमा भए पाँच अङ्क प्रदान गर्ने | ८ | | युरोपिएन देश बाहेक |
| ग | व्यापार (एक लाख भन्दा मुनीको व्यापार/व्यवसाय भए सात अङ्क, तीन लाख भन्दा मुनीको व्यापार/व्यवसाय भए पाँच अङ्क, पाँच लाख भन्दा मुनीको व्यापार/व्यवसाय भए तीन अङ्क र सो भन्दा बढीको भए एक अङ्क प्रदान गर्ने | ७ | | नियमानुसार दर्ता भएको हुनुपर्ने |
| घ | रोजगारी स्थायी (सरकारी) | ३ | | बुवा आमामध्ये कुनै एक |
| ङ | रोजगारी स्थायी (सरकारी) | २ | | बुवा आमा दुवै जना |
| च | रोजगारी (अन्य: निजी, सरकारी, गैर सरकारी, करार वा ज्यालादारी) | ५ | | बुवा आमामध्ये कुनै एक |
| छ | रोजगारी (अन्य: निजी, सरकारी, गैर सरकारी, करार वा ज्यालादारी) | २ | | बुवा आमा दुवै जना |
| ४ | **कक्षा १० को ग्रेड** | २० | | |
| क | ३.६ जि.पि.ए वा सो भन्दा माथी | २० | | |
| ख | २.८ जि.पि.ए देखी ३.५९ सम्म | १८ | | |
| ग | २.० जि.पि.ए देखी २.७९ सम्म | १६ | | |
| घ | २.० जि.पि.ए भन्दा कम | १५ | | |
| ५ | **कक्षा १२ को ग्रेड** | ३० | | |
| क | ३.६ जि.पि.ए वा सो भन्दा माथी | ३० | | |
| ख | २.८ जि.पि.ए देखी ३.५९ सम्म | २८ | | |
| ग | २.० जि.पि.ए देखी २.७९ सम्म | २६ | | |
| घ | २.० जि.पि.ए भन्दा कम | २५ | | |
| ६ | **अपाङ्गता/दलित/छात्रा विद्यार्थी भए** | ८ | | |
| क | अपाङ्गता भएका विद्यार्थी | ४ | | सबै समावेशिता भएको विद्यार्थीको हकमा एकमुष्ट ०८ अङ्क प्रदान गरिनेछ। |
| ख | दलित विद्यार्थी | २ | | |
| ग | छात्रा विद्यार्थी | २ | | |
| | **जम्मा** | १०० | | |

आज्ञाले,
भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner